# चौतारा साँगाचोकगढी नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
## कृषि विकास शाखा
## चौतारा सिन्धुपाल्चोक

बागमती प्रदेश, नेपाल

पत्र संख्याः २०७८/७९
चलानी नम्बरः ४६८

**प्रस्ताव आव्हान गरिएको सूचना**
**प्रथम पटक प्रकाशित मिति:२०७८/०६/२२**

यस चौतारा साँगाचोकगढी नगरपालिका अर्न्तगत कृषि विकास शाखाको आ.व.०७८/७९ को स्वीकृत वार्षिक कृषि विकास कार्यक्रमा सहभागी हुन चौतारा साँगाचोकगढी नगरपालिका भित्रका ईच्छुक कृषक /कृषक समुह/ कृषि सहकारी/उद्यमी कृषकहरुले मिति २०७८/०७/२१ गते भित्र यस नगरपालिकाको कृषि विकास शाखामा तोकिएको ढाँचामा निवेदन दिनु हुन सम्बन्धित सबैमा जानकारीका लागि सूचित गरिन्छ । साथै रित नपुगी वा म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरु कार्यक्रममा समावेश नहुने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराईन्छ ।

**तपशिल :**

| क्र.सं. | कार्यक्रम | ईकाइ | बजेट रु.हजारमा | अनुदानको किसिम | साझेदार संस्था | अनुदानमा सञ्चालन गर्न सकिने कार्यहरु | स्थान |
|---|---|---|---|---|---|---|---|
| १ | मिनिटिलर वितरण अनुदान | संख्या | २००० | मागको आधारमा | कृषक समुह /कृषि सहकारी/ कृषि फार्म | मिनिटिलर बितरण | नगरपालिका भर |
| २ | तरकारीमा आत्मनिर्भर कार्यक्रम | संख्या | १७०० | मागको आधारमा | कृषक समुह /कृषि सहकारी/ कृषि फार्म | टनेल प्लाष्टिक ,आईरन टनेल,प्लाष्टिक पोखरी ,थोपा सिचाई बितरण | नगरपालिका भर |
| ३ | साना सिंचाइ तथा पोखरी निमार्ण कार्यक्रम | संख्या | २५०० | ३ लाख भन्दा कमका योजना वा लागतको ५० प्रतिशतमा नबढ्ने गरि | कृषक समुह /कृषि सहकारी/ कृषि फार्म | सिंचाई ट्यांकी निमार्ण तथा मर्मत,सिंचाई कुलो मर्मत तथा निर्माण । | नगरपालिका भर |
| ४ | रासयनिक मलमा घुम्ती कोष स्थापना तथा संचालन | संख्या | २००० | प्रति सहकारी संस्थालाई बढीमा ४ लाख ( ४ महिनासम्म) | कृषि सहकारी संस्था तथा बहुउदेश्यीय सहकारी संस्था | घुम्ती कोष उपलब्ध गराईने छ । | नगरपालिका भर |
| ५ | मकै छोडाउने मेसिन बितरण अनुदान | संख्या | २०० | मागको आधरमा | कृषक समुह /कृषि सहकारी/ कृषि फार्म | मकै छोडाउने मेसिन उपलब्ध गराईने छ । | नगरपालिका भर |
| ६ | थ्रेसर बितरण अनुदान | संख्या | ६०० | मागको आधरमा | कृषक समुह /कृषि सहकारी/ कृषि फार्म | थ्रेसर मेसिन उपलब्ध गराईने छ । | नगरपालिका भर |
| ७ | कृषि ऋणमा व्याज अनुदान | संख्या | ५०० | बढीमा ५ लाख सम्म ऋण भएको | कृषक समुह /कृषि सहकारी/ कृषि फार्म | नियमअनसुार ब्याज उपलब्ध गराइने छ । | नगरपालिका भर |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ८ | ५० प्रतिशत अनुदानमा मौरी सहितको घार बितरण | संख्या | ३०० | मागको आधरमा | कृषक समुह /कृषि सहकारी/ कृषि फार्म | मौरी सहितको घार बितरण | नगरपालिका भर |
| ९ | गड्यौला पालन कार्यक्रम | संख्या | २०० | मागको आधरमा | कृषक समुह /कृषि सहकारी/ कृषि फार्म | गड्यौला उपलब्ध गराईने छ। | नगरपालिका भर |
| १० | अदुवा बेसारको बिउ बितरण | संख्या | ५०० | २ रोपनी भन्दा बढी खेती गर्ने | कृषक समुह /कृषि सहकारी/ कृषि फार्म | अदुवा बेसारको बिउ उपलब्ध गराईने छ। | नगरपालिका भर |

पुनश्चः माथि उल्लेखित कार्यविधिहरु चौतारा साँगाचोकगढी नगरपालिकाको वेवसाइट http://chautaramun.gov.np मा गएर डाउनलोड गरि हेर्न सकिने छ ।

**निवेदन साथ संलग्न हुनुपर्ने कागजपत्रहरु**

१) छुट्टाछुट्टै कार्यक्रम अनुसार तोकिएको ढाँचामा पूर्ण रुपमा भरिएको अनुदान माग फारम।
२) कृषि फर्म/समुह/सहकारिको दर्ता/नविकरण/कर चुक्ता रसिद (अघिल्लो आ.व)को प्रतिलिपि ।
३) कृषि फर्म/समुह /सहकारीको निर्णय प्रतिलिपि ।
४) नागरिकताको प्रतिलिपि ।
५) सम्बन्धित वडा कार्यालयको सिफारिस ।
६) तरकारीमा आत्मनिर्भर कार्यक्रम अन्तर्गत आईरन टनेल निर्माणको हकमा लागत इस्टमेट सहित आवेदन पेश गर्नु पर्नेछ ।
७) साना सिचाई , कुलो मर्मत, सिचाइ पोखरी निर्माणको हकमा कृषक समुह/ कृषि सहकारी/कृषि फर्मले अनुमानित लागत इस्टमेट सहित आवेदन पेश गर्नु पर्नेछ ।
८) रासयनिक मलमा घुम्ती कोष स्थापना तथा सञ्चालनको हकमा गत आ.व.को लेखा परिक्षण प्रतिवेदन, विगतमा गरेको मल कारोबारको विवरण र अनुभव ,कार्यदक्षता ,कार्य क्षमताको विवरण समेत पेश गर्नुपर्नेछ ।

९)कृषि ऋणमा व्याज अनुदानको हकमा कृषि व्यवसाय संचालनका लागी वित्तिय संस्थाबाट ऋण लिएको प्रमाण र बैक स्टेटमेन्ट समेत पेश गर्नुपर्नेछ ।

..............................
**फणिन्द्र प्रसाद पौडेल**
**प्रमुख प्रशासकीय अधिकृत**